# नेपाली कवितामा खाद्य संस्कृतिको रूपक

- डा वासुदेव थापा
कालिपद घोष तराई महाविद्यालय

**सार**- खाद्य मानव जीवनका लागि आधारभूत र अपिहार्य वस्तु हो जसका अभावमा जीवन असम्भव छ। खाद्यको उद्देश्य भोक शान्त गराउनु, स्वाद दिनु अनि पोषण दिनु मात्र नभएर यसले हाम्रा आचार विचार, चिन्तन मनन, स्वभाव, संस्कार, व्यवहार, सभ्यता र संस्कृति पनि निर्माण गरिआएका हुन्छन्। कुनै काँचो खाद्य वस्तुलाई पकवानसम्म रूपान्तरण गर्दा यसले खाद्य संस्कृतिका अन्य अभिव्यक्ति र विकल्प वहन गरिसकेको हुन्छ। यसैले यो खाद्य संस्कृतिको संवाहक पनि हो। खाद्य अध्ययन अनि यसका निर्माण प्रक्रियाको प्रतिनिधित्वसँग यो यति जटिल रूपमा बाँधिएको हुन्छ जसले मानव जातिका लागि पोषण पक्षको अंश मात्र नभएर सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक अनि धार्मिक रूपमा पनि यसको गहिरो महत्व हुन्छ । साहित्यमा विशेष गरी खाद्यसित काल्पनिकता गाँसिएर आउँदा भाषाका माध्यमद्वारा निर्मित पाठहरूले खाद्यलाई तुरुन्तै सांस्कृतिक पाठको रूपमा अन्तर्ज्ञानुशासनसित पनि जोड्ने आग्रह गर्दछ। यसो हुँदा साहित्यिक पाठमा खाद्यले वैकल्पिक रचनात्मकता, भाषिक र सांस्कृतिक सम्भावनाका अरू रूपकहरू निर्माण गर्दछ। खाद्यको साहित्यिक अभिव्यक्तिले खाना वरपरका अभ्यासहरूको बहुअर्थी सम्भावना र सम्भाव्यताहरू अन्वेषण गर्न प्रशस्त मार्ग प्रदान गर्दछ। खाद्यले लोकाचार कसरी निर्माण गर्दछ अनि यस्ता लोकाचारको प्रकृतिबारे विवेचन गर्न साहित्यले कसरी सहयोग गर्दछ भन्ने कुराको शोध नै यस लेखको लक्ष्य हो। यस शोध लेखमा खाद्य संस्कृतिका माध्यमद्वारा केही नेपाली कवितामा खाद्यका अभिव्यक्तिले निर्माण गरेका रूपकहरू केलाउने प्रयत्न गरिएको छ।

**बीज शब्द**- खाद्य, खाद्य संस्कृति, नेपाली कविता, रूपक र सन्दर्भ

## १ विषय प्रवेश

खाद्य भन्नाले सामान्यत: खानका लागि उपयुक्त तथा भोक निवारणका लागि खाने पदार्थ वा खानेकुरो भन्ने बुझिन्छ। यसको इतिहास र परम्परा मानव विकासको आदिम युगदेखि जोडिएर आएको छ। मानव जातिको विकासक्रममा खाद्य पनि एउटा महत्त्वपूर्ण पाटो हो। मानव जातिले पाँचसय हजार वर्ष अघि आदिम युगमा जानेर होस् वा नजानेर आगाको आविष्कार गरेदेखि यता पोलेर वा पकाएर खान सिक्दै आएको कुरो मावनशास्त्री एवम् वैज्ञानिकहरूले गरेका छन् (रे टान्नाहिल, इ सं १९७३, पृ २५)। मानवशास्त्रीहरूअनुसार आदिम ढुङ्गे युगमा प्रवेश गरे पछि उनीहरूले ढुङ्गाका हात हतियारले छेपारो, माछा, कछुवादेखि हात्तीसम्मको सिकार गरी पोलेर खान सिके। तिनीहरूलाई होमो हेभिलिस (ह्यान्डी म्यान) भनिएको छ। उनीहरूको जीवाष्म साउथ अफ्रिकादेखि उत्तर युरोपसम्म पाइएको छ। त्यसपछि लगभग दुई हजार वर्षपछि होमो इरेक्टस् (अपराइट म्यान) देखा परे जसले खाना पकाएर खान, बाँड्न अनि सञ्चय गर्नसम्म सिके (सिभिटेलो, इ सं २००८, पृ-२)। यी मानव समूहले युरोपदेखि क्रमैले पूर्वी भारत, चिन र दक्षिण एसियाली मुलुकतिर बसाइँ सर्दै लामो यात्रा गरेका छन्। यसरी मानव समाज निर्माण हुँदै गए पछि उनीहरूले खाद्यलाई शारीरिक उर्जाका रूपमा मात्रै नभएर त्यसलाई सामाजिक अनुष्ठानसित पनि जोड्दै लगे। खाद्यले आफैमा एउटा सांस्कृतिक पहिचान निर्माण गर्दै गए पछि यो सामाजिक नियन्त्रणको एउटा शक्तिशाली उपकरण पनि

बनेको देखिन्छ। खाद्यले कालान्तरमा मानिसका सांस्कृतिक पहिचान, मूल्य मान्यता, परम्परा र परस्पर भिन्नताजस्ता विषय पनि बोकेर अघि बढेको देखिन्छ।

आज आएर खाद्य अध्ययन र यसका सारा सम्बन्धहरू अन्तर्विषयक अध्ययनतर्फ जोडिएका देखिन्छन्। यसको महत्त्व र खोजमा समाजशास्त्री, मानवशास्त्री, पुरातत्त्ववेत्ता, वैज्ञानिक, इतिहासकार, सङ्केतवैज्ञानिक अनि साहित्यिक विद्वान्हरू सूक्ष्म (माइक्रो) र स्थूल (म्याक्रो) दुवै तहका अध्ययनतर्फ लागेका देखिन्छन्। समय अन्तरालमा पृथक संस्कृति र इतिहास बोकेका खाद्यहरूको अध्ययनमा सबै विषयका विद्वान्हरूले चासो राखेका देखिन्छन् (कोफमेन र अन्य, इ सं २०१९, पृ-३)। यसमा मूलत: समाजशास्त्रीहरूले खाद्य अध्ययन र खाद्य मार्गजस्ता खाद्य सम्बन्धी सैद्धान्तिक मान्यताहरू पनि अघि सारेर खाद्यका गुणात्मक र सङ्ख्यात्मक सामग्री बटुली खाद्य प्रणालीबारे बृहत् चर्चा गरेका छन्। इ सं १९८२ मा ज्याक गुडीले खाद्य अध्ययन प्रणालीलाई क्रमैले रूपकात्मक, संरचनात्मक र संस्कृतिपरक गरी तीनवटा तहमा अध्ययन गर्न सकिने मार्ग भनेका छन्। यसमा संरचनावादी क्लाउड लेवीस्ट्रस र रोलाँ बार्थले लेखेका छन् – 'खाद्य र खानुको सम्बन्ध मानव मन र मस्तिष्कसहित खाद्यका पारम्परिक मान्यता त्यसका बनाउने तरिकाहरू पुस्तौंदेखि एकैसाथ संरचित हुँदै आएका हुन्छन् (कोफमेन र अन्य, इ सं २०१९, पृ-४)। अर्थात् खाद्यको अन्तर्सम्बन्ध प्रत्यक्ष रूपमा मानिसका पुर्ख्यौली मानससित रहेको कुरो दुवैले खुलस्त पारेका छन्।

उन्नाइसौँ शताब्दीको अन्त्यमा मानव विज्ञानमा खाद्य अध्ययन सुरु भएको दाबी धेरैले गरेका छन्। तथापि क्लाउड लेवी स्ट्रस र मेरी डगलसले इ सं १९६० का दशकको बिचतिर खाना र खाद्य मार्गहरूबारे निबन्ध लेखे पछि सबैभन्दा महत्त्वपूर्ण रूपमा यस विषयको उठान भएको मानिन्छ। इ सं १९८२ मा ज्याक गुडीको **कुकिङ् क्युजिन एन्ड क्लास: अ स्टडी इन कम्प्यारेटिभ सोसियोलजी** पुस्तकको प्रकाशनलाई पनि एउटा महत्त्वपूर्ण मोड मानिन्छ। खाद्य अध्ययनका क्रममा फ्रान्सेली इतिहासकार फर्नान्ड ब्राउडेल र फ्रान्सेली अन्नालेस स्कुलको भूमिका पनि महत्त्वपूर्ण थियो। ब्राउडेलले **द स्ट्रक्चर अफ एभ्रिडे लाइफ: द लिमिट्स अफ् द पसिबल** नामक पुस्तकका तीन खण्डको खाद्य इतिहासमा पहिलो खण्डमा 'सिभिलाइजेसन एन्ड क्यापिटलिज्म : फिफ्टिन्थ टु एटिन्थ सेन्च्युरी'बारे लेख्ने क्रममा साधारण मानिसहरूका जीवनको भौतिक घटकहरू खाद्यमा केन्द्रित छन् भन्ने लेखेका छन् जसमा उनले रोटी, भात, मकै, आलु, खाने बानी, व्यवहार इत्यादिका अध्यायहरू राखेका छन्। स्टिफन मेन नेलको 'खानाको सबै शिष्टाचार: मध्य युगदेखि वर्तमानसम्म' लेखमा ब्राउडेलले इङ्गल्यान्ड र फ्रान्समा खाने स्वाद र खानाको इतिहासमाथि टिप्पणी गरेका छन्। त्यसपछि यता क्रमिक रूपले विभिन्न प्रकारका खाद्य इतिहासबारे पुस्तक प्रकाशित हुँदै आएको देखिन्छ। विशेष गरी रे टन्नाहिलको **फुड एन्ड हिस्ट्री** (इ सं १९७३), म्याग्युलोन टाउसेन्ट-स्मात्सको **हिस्ट्री अव् फुड** (इ सं १९८७), ज्याँ लुइस फ्लान्ड्रिनको **फुड : अ कलिनेरी हिस्ट्री** (इ सं १९९६), फेलिप फर्दिनान्द अर्मेस्टोको **निअर अ थाउजन्ड टेबल्स: अ ब्रिफ हिस्ट्री अव् फुड** (इ सं २००२), सिडनी मिन्ट्जको **स्वीटनेस् एन्ड पावर : द प्लेस अव् सुगरिन मोर्डन हिस्ट्री** (इ सं १९८६) र मार्क कुर्लान्स्कीको **सल्ट : अ वर्ल्ड हिस्ट्री** (इ सं २००२)-ले खाद्य अध्ययनको इतिहासमा महत्त्वपूर्ण विचार लिएर आए। खाद्य अध्ययनको विकासमा एउटा महत्त्वपूर्ण काम खाद्य र खाद्य संस्कृतिको जर्नल **ग्यास्ट्रोनोमिका : द जर्नल अव् फुड एन्ड कल्चर** (इ सं २००१) प्रकाशन सुरु भएको देखिन्छ। यसमा खानामा समर्पित मानविकीका कला,

फोटोग्राफी, कविता, आख्यान, गैर-आख्यान, संस्मरण, रेस्तराँ, टेबल व्यवहार, भाँडा, सेफको जीवनी, खाद्यसित सम्बन्धित ऐतिहासिक घटना आदि समावेश गरी प्रकाशित गरिएको छ।

रोलाँ बार्थले आफ्ना लेख 'टुवार्ड्स अ साइको-सोसियोलजी अ कन्टेम्पोरेरी फुड कन्जम्प्सन'मा लेखेका छन् – "खाना केका लागि हो? यसले खालि खाना उत्पादन, पोषक तत्त्वको तथ्याङ्कहरूको सङ्कलन र अध्ययनलाई मात्रै इङ्गित गरेको हुँदैन तर एकै साथ खानाका व्यवहार, परिस्थिति, खाने व्यक्तिको बिम्ब र यसका सारा सञ्चार प्रणालीलाई पनि सङ्केत गरेको हुन्छ" (सिमी मलहोत्र र अन्य, सन् २०२१)। यस प्रकार बार्थले खानालाई दृश्य संस्कृति, समाजशास्त्र, मानवशास्त्रसँग सङ्केतवैज्ञानिक अध्ययनका लागि अन्तर्विषयक पाठका रूपमा लिएका छन्। टोबी मिलरले पनि बार्थका भनाइलाई समर्थन गर्दै लेखेका छन् – "सांस्कृतिक अध्ययनमा यो कुनै आश्चर्यको कुरो होइन जहाँ हामी खानाबारे चर्चा गरिरहेका छौँ जसको अन्तर्सम्बन्ध ज्ञानका अरू शाखाहरूसित यति धेरै गाँसिएको छ जुन वास्तवमा आफैमा अनुशासित र अनुबन्धित पनि छ" (सिमी मलहोत्र र अन्य, सन् २०२१,पृ ८)।

साहित्यिक परम्पराहरूले लामो समयदेखि खाद्यलाई रूपकका रूपमा प्रस्तुत गर्दै आएको छ। वास्तवमा साहित्यमा विशेष गरी खाद्यसित काल्पनिकता गाँसेर भाषामा खाद्यका माध्यम निर्मित पाठहरूलाई यसले आमन्त्रित गर्दछ र खाद्यलाई तुरुन्तै पाठको अन्तर्ज्ञानुशासनसित पनि जोड्ने आग्रह गर्दछ। साहित्यिक पाठमा खाद्यले वैकल्पिक रचनात्मकताका साथ भाषिक र सांस्कृतिक सम्भावनाका रूपकहरू निर्माण गर्दछ। खाद्यको साहित्यिक अभिव्यक्तिले खानाको वरपरका अभ्यासहरूको बहुअर्थीसम्भावना र सम्भाव्यताहरू अन्वेषण गर्न प्रशस्त मार्गहरू प्रदान गर्दछ। सायद यही कारणले गर्दा ब्रिलट-साभरिनको प्रख्यात भनाइ यस्तो पाइन्छ – "तिमी के खान्छौ मलाई भन अनि म तिमीलाई बताउनेछु तिमी के हौ" (साभरिन, इ सं १९९४, पृ ३५)-ले खाने मानिससित सम्बन्धित खाद्यको आर्थी संरचनालाई सङ्केत गरेको छ किनभने खाद्यले हामीलाई सधैँ भन्नाका लागि केही न केही अवकाश छाडेको हुन्छ, साहित्यले यसलाई कुशलतापूर्वक व्याख्या गर्ने माग गर्दछ। यस लेखमा खाद्य संस्कृतिका माध्यमबाट नेपाली कविता साहित्यमा खाद्यको अभिव्यक्तिले निर्माण गरेको रूपक अनि सन्दर्भलाई केलाउने प्रयत्न गरेको छ।

## २ नेपाली कवितामा खाद्य सन्दर्भको रूपक

रूपक लाक्षणिक भाषाको एउटा रूप हो जसले शब्दहरूका माध्यमबाट अभिव्यक्तिलाई रूपकात्मक बनाउँछ। भाषाले नै अनुभूतिलाई शब्दका माध्यमद्वारा रूपान्तरण गर्दछ। यसरी हेर्दा प्रत्येक अभिव्यक्तिले एउटा रूपक निर्माण गर्छ। साहित्यमा काव्य भाषालाई अझ रूपकात्मक मानिन्छ। साहित्यमा युग बोध, भाव बोधको यथार्थ, मर्मोद्घाटन, कालानुसारको भावचैतन्य वा वाग् रीतिको नौलो प्रस्तुति रूपकले नै बनाउँछ। अर्थात् कवितामा काल बोध गराउने नव्यताग्राही रूपकहरूले नै निर्माण गरेको हुन्छ। त्यसो हुनाले एकजना नव्यताभिलाषी कविले आफ्ना युगका आवश्यकताप्रति प्रतिबद्ध भएर नै नयाँ नयाँ रूपकहरूको निर्माण गर्दछ।

नेपाली साहित्यका प्रारम्भिक चरणका कविताहरूमध्ये सुवानन्ददासको 'पृथ्वीनारायण' कवितालाई नेपाली कविता परम्परामा भेटिएको अहिलेसम्मकै वीररसपूर्ण कविता मानिन्छ। आफ्ना राष्ट्रका प्रमुख नायक पृथ्वीनारायणको युद्ध अभियानलाई लिएर लेखिएको यस कवितामा कवि सुवानन्ददासले विभिन्न रूपकहरू निर्माण

गरेका छन्। यस्ता रूपकहरू तत्कालीन युग बोध, भाव बोधका यथार्थहरू वर्णन गर्न सक्षम भएका छन्। कवि सुवानन्ददासको यस कवितामा पाइएका खाद्य सन्दर्भका रूपकहरू हेर्न सकिन्छ -

नेपालको सिन्की लुटि मगरातको घिले भुटि
पाल्पाको ल्याव हिंग जिरो रिसिङगको ल्याव पिरो
तनहुँको भातसित भीर्कोटको दालसित
कन्चन कटौरा भरि स्ववर्णका थलिया भरि
अस्टदल चौकि बसि गंगाजल झारि भरि
पुरूव मुहुडा गरि महाराजको जिउनार बनाव है।

(सुवानन्ददास, 'पृथ्वीनारायण')

प्रस्तुत कवितामा अभिव्यक्त खाद्य प्रसङ्गका रूपकले निर्माण गरेका सन्दर्भलाई यहाँ केलाउन सकिन्छ। यस कवितांशमा सामाजिक वा राजनीतिक उद्देश्य अभिव्यक्त गर्न खाद्यका माध्यमद्वारा भाषाले आलङ्कारिकतालाई समातेको छ। अर्थात् कवितामा नेपालको सिन्की, मगरातको घि, पाल्पाको हिङ् जिरो, रिसिङको पिरो, तनहुँको भात, भीर्कोटको दाल आदिले दक्षिण-एसियाली मुलुकमा पाइने **किण्वित** (फर्मेन्टेड) खाद्यका स्वाद र पोषणको वर्णन मात्रै गरेका छैनन् तर एकैचोटि सामाजिक, सांस्कृतिक, भौगोलिकतालाई पनि यसले सङ्केत गरेको छ। किण्वित खाद्य प्रणालीले नेपाली जनजीवनका खानपानमा पाइने विशेषतासँगै स्थानिक राजनीतिक भूगोललाई पनि समेटेको छ।

खाद्य अध्ययन ज्ञानको एउटा शाखाका रूपमा विकसित भए पछि यसले अन्तर्ज्ञानुशासनको ठाउँ सिर्जना गरेको छ। यस कवितांशमा कविले प्रत्यक्ष रूपमा वर्णन गरेका खानाका रूपकले हामीलाई खाद्य उत्पादनको स्थान, स्थानीयता र त्यहाँका जनजीवन आदिको चित्रण साथै व्यक्ति, परिवार, समाज र सामाजिक सम्बन्धहरू पढ्ने अवकाश दिएको छ। कवितामा खाद्य कसले निर्माण गरेका हुन्? खाद्य कसरी निर्माण गरेका हुन्? खाद्य स्वाद र पौष्टिकतादेखि निकै परतिर **खाद्य कसले ग्रहण गर्ने**? भन्ने प्रसङ्गमा **खाद्य ग्रहण गर्ने** व्यक्तिलाई चिनाउँदछ जसले पहिचान र शक्तिको नेतृत्त्व गरिरहेका हुन्छन्। आफ्ना राष्ट्र नायक पृथ्वीनारायण शाह युद्ध अभियानमा जान अघि ज्युनारको प्रसङ्गमा नेपाली खाद्य संस्कृतिको रूपक प्रस्तुत छ। यहाँ 'ज्युनार' अभिजात वर्गमा प्रयोग गरिने शब्द हो। कन्चन कटौरा, स्ववर्णका थलिया, अस्टदल चौकी, गंगाजल, पुरूव मुहुडा जस्ता पदावलीहरूले कवितामा पूर्वीय परम्परामा खाना ग्रहण (टेबल म्यानर) गरिने तरिका अनि तिनका स्वादबारे राम्ररी वर्णन गरेका छन्। अर्थात् खानामा के के खाने? मात्रै होइन तर यस कवितामा खाना कसरी खाने? खान कसले खाने ? जस्ता खाद्य संस्कृतिको चित्रण पनि कविले गरिदिएका छन्। यसका साथै तत्कालीन नेपाल एकीकरणको समय, स्थान, भूगोल, वर्ग, धर्म, रणनीति, राजनीति र युद्ध अभियानको नायकको खाद्य संस्कृतिलाई पनि प्रस्तुत गरेको देखिन्छ। कविले कविताको अभिव्यक्तिमा खाद्य सन्दर्भको रूपक प्रयोग नगर्ने हो भने खानाको उपस्थिति कवितामा प्रत्यक्ष रूपमा सान्दर्भिक हुन सक्ने लाग्दैन, लेखनको उपर्युक्त विषयवस्तुले परम्परागत लेखनका धारणाहरूलाई चुनौती दिएर कवितामा खाद्य संस्कृतिको रूपक भएर आएको छ।

यस्तै अर्को कविता हेर्न सकिन्छ -

आइ पुग्यो तीज लौ ल्याउ चीज खाने र लाउने
नभए धन काढन रीन मरेर के लाने?
चाहिन्छ दर घीउ र चीनी रेशमी फरिया
यसैले सारो हामीलाई पार्‍यो कैञाका करीया।
बिल्बिटको चोली नभए भोलि हुँदैन पटक्क
झुम्के साल पनि चाहिन्छ अति परेको चटक्क।

(महानन्द सापकोटा, 'तीजको बयान')

झ्याउरे एवम् जातीय छन्दमा लेखिएको उक्त कवितांशमा तीज पर्वमा नेपाली जनजीवनको चित्रण गरिएको छ। कवितामा ऋणपान गरेर भए पनि मनाउनै पर्ने नेपाली जनजीवनको चाडपर्वको प्रसङ्ग पाइन्छ। तीज पर्व नेपाली लोकजीवनको एउटा महत्वपूर्ण पाटो हो। यस पर्वमा नारी जातिको संवेदना जागृत हुने विभिन्न कारणहरू छन् । वर्षा याममा पर्ने नेपाली नारी जातिको महान् पर्व हरितालिका तीजका अवसरमा गाइने गीत नै तीज गीत हो। यस पर्वमा विवाह भएकी छोरी चेलीलाई माइतबाट लिन जाने, तीजको अघिल्लो दिन सबै बसेर मिठा मिठा परिकारहरूमध्ये 'दर खाने' र भोलिपल्ट निराहार बसी व्रत बस्ने परम्परा रहिआएको छ। नेपाली नारीले भोग्नु परेको अभाव, पीडा, व्यथा, अन्याय आदिका आवाज यस पर्वमा गुन्जने गर्दछ। तीजमा 'दर खाने' जुन सानो प्रसङ्ग छ। यो दर खानाको पछिल्तिरको सांस्कृतिक रूपक भने ठुलो देखिन्छ। शरीरले खानासँग अन्तरक्रिया गर्ने तरिकाहरूले संस्कृति र शक्तिका रूपकलाई देखाउँछ। खाने कुरा शरीरसँग यस्तो रूपमा सम्बन्धित छ जसमा यसको पोषण क्षमताहरू एकैचोटि नारीत्वका लागि सांस्कृतिक प्रतीकका रूपमा प्रयोग गरिन्छ र साथसाथै महिलाहरूका शरीरलाई कमजोर ठानिन्छ। एलिजाबेथ ग्रोज महिलाका शारीरिकताको पुन: कल्पना गर्ने आवश्यकताबारे जोड दिन्छिन्- "महिलाको शारीरिक अङ्गका अधिकांश प्रतिनिधित्वले जैविक भिन्नतालाई असमानताका रूपमा व्याख्या गरिएको छ जसलाई सामाजिक, सांस्कृतिक र आर्थिक भिन्नतालाई औचित्य ठहराउन प्रयोग गरिन्छ" (ग्रोज, इ सं १९९४, पृ ३९ )। ग्रोज तर्क गर्छिन् – "यौन भिन्नताले इतिहास, वास्तविकता, ज्ञान, सत्य र राजनीतिलाई चिह्न लगाउँछ तर दुर्भाग्यवश यी सबै कुराहरू पुरुषका दृष्टिकोणबाट मात्र अध्ययन गरिएको छ" (ग्रोज, इ सं १९९४, पृ ४३)। नारीले खानासँग यति धेरै समय बिताउँछ जसमा यो स्वाभाविक हो उसले यसबाट आफूलाई अभिव्यक्त पनि गर्न थाल्छ। आज आएर महिलाहरू ज्ञान र विज्ञानका विविध प्रणालीका धेरै वैकल्पिक मार्गहरू विकास गरेर अघि बढे तापनि पुस्तौँ पुस्तादेखि नारीलाई खानामा सीमित गरेर राखिएको छ। यसको प्रतिरोध गर्न खानाको प्रयोग नयाँ होइन र निश्चित रूपमा साहित्यिक परिदृश्यहरूमा मात्र होइन सामाजिक र सांस्कृतिक रूपमा पनि महिलाहरूलाई भान्सासँग जोडेर राखिएको पाइन्छ। यद्यपि, साहित्यले हामीलाई यी उदाहरण नजिकबाट पहिचान गर्न र तिनीहरूको विनाशकारी शक्तिका लागि मूल्याङ्कन गर्न अनुमति दिन्छ। के तर्क गर्न गलत हुनेछ भने खानालाई वास्तविक जीवनमा भन्दा साहित्यमा एउटा पाठका रूपमा हेरिँदा यसले धेरै थोकलाई इङ्गित गर्दछ किनकि यसले अनिवार्य रूपमा खानाको एउटै संस्थागत अभ्यासहरूमा मात्रै काम गर्दैन तर उही सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, लैङ्गिक अवस्थानहरूको अध्ययन गरी यसको हानि पनि निर्धारण गर्दछ। यद्यपि खानाले सम्भावनाका असीमित

बाटाहरू खोल्छ जसले हामीलाई वास्तविक संसारसँग यसका केही सम्बन्धहरू पढ्न केही अवकास दिँदछ। यसै पनि नेपाली समाजमा दर खानाका प्रसङ्गहरू समाजमा प्रतिरोध होइन तर स्वाभाविक संस्कृतिका रूपमा नेपाली नारीहरूद्वारा अङ्गीकार गरिसकिएको देखिन्छ।

कवि लक्ष्मीप्रसाद देवकोटा लेख्छन् –

उदाहरण - १

पहिलो जलमा प्रथम स्फुरणमा
विष्णुको नै नाभिस्थलमा
यो डुकू-दाल जन्मिएको
दाल यो हो शक्ति उनको भान्सातिर गई बद्लिएको
दार्शनिक शब्द त्यसमा आई यो घरेलु वेश लिएको।
भात त्यो हो जसको निम्ति आलम दुनियाँ
ढिक्किच्च्याऊँ गर्छ सारा पथभरी, चामल फलेर
रौशिएर या गलेर।
ध्वनिविचारी सहमत होलान्, अन्नमय कोशको कुकू
दाल भात डुकू । दाल भात डुकू..।

उदाहरण - २

अन्तरात्मा महावन सकल नर-उर-विहंग- गुञ्जन
सत्य स्वरमा यति भन्छन्
हुन्छन् केवल पुक पुक पूकू
विश्वहृदयको स्पन्दनध्वनि हो- दाल भात डुकू
दाल भात डुकु।

(लक्ष्मीप्रसाद देवकोटा, 'दाल भात डुकु')

प्रस्तुत कविताको उदाहरण – १ मा तीनवटा पद दाल, भात र डुकूको प्रासङ्गिकतामा कविले विष्णुको नाभिस्थलको चर्चा गरेका छन्। विष्णुपुराणअनुसार विष्णुलाई आदि कारण, नित्य, अक्षय, अव्यय तथा एक रस, अणु समान मानिएको पाइन्छ। कविले खाद्यको प्रथम स्फुरण विष्णुको नाभिस्थललाई मानेका छन्। विष्णुको नाभिबाट कमलको फुल उत्पन्न भएको अनि कमलमा ब्रह्मको वास भएको मानिन्छ। पुराणमा ब्रह्म नै अन्न समान हुन् भन्ने कुरो मानिएको देखिन्छ।

कविले अर्को ठाउँ अन्नमय कोशको चर्चा पनि गरेका छन्। योगदर्शन अनुसार मानव अस्तित्वलाई पाँचवटा भागमा बाँडिएको पाइन्छ जसलाई पञ्चकोश भनिन्छ। ती पञ्चकोश हुन् – अन्नमय कोश, प्राणमय कोश, मनोमय कोश, विज्ञानमय कोश अनि आनन्दमय कोश। यी पञ्चकोशहरूमा चेतन, अवचेतन र अचेतन मनको अनुभूति निहित हुन्छ। प्रत्येक कोशले एकअर्कामा घनिष्ठ सम्बन्ध राख्दछ। अन्नमय कोश भन्नाले अन्न तथा खाद्यद्वारा निर्मित

कोश बुझिन्छ। सम्पूर्ण दृश्यमान् जगत्, ग्रह-नक्षत्र, पृथ्वीलाई आदि आत्माको प्रथम अभिव्यक्ति मानिएको पाइन्छ। दृश्यमान् जगत्मा हाम्रा शरीर पनि यिनै अन्नद्वारा निर्मित भएकाले यसलाई पनि अन्नमय कोश मानिन्छ। यसैले वैदिक ऋषिमुनिले 'अन्न नै ब्रह्म हुन्' भनेका छन्। अन्नमय कोश नै प्रथम कोश हो जहाँ मनुष्यले आत्माको अभिव्यक्ति गर्दछ। यहाँ शरीर भन्नाले मानिसका शरीर मात्रै नभएर चराचर जगत्, वृक्ष, लता, पशु-प्राणी आदिका शरीरलाई पनि इङ्गित गरिएको छ। आयुर्वेदमा तीन किसिमका खाद्य वस्तुको चर्चा गरिएको पाइन्छ –सात्विक, राजसिक र तामसिक। सात्विक भोजनलाई सन्तुलित र सर्वश्रेष्ठ भोजन भनिएको छ। राजसिक भोजन ग्रहण गर्नेहरूको मन र बुद्धि चञ्चल हुन्छ जसले शरीरलाई नै आत्माको सम्पूर्ण अभिव्यक्ति मानेर भोग-विलासमा रतिएर नाना थरीका तामसिक भोजन ग्रहण/ सेवन गरेर नै तामसिक प्रवृत्ति एवम् तमोगुणी भएका हुन्। तामसिक भोजनले उत्तेजना, मादकता, आलस्य तथा कमजोरी उत्पन्न गराउँछ। वास्तवमा जड प्रकृति जगत्को अस्तित्व मानव, पशु प्राणी, लता, वृक्षभन्दा पहिले हो। सृष्टिमा मानव अस्तित्वभन्दा अघि पञ्च तत्त्व (अग्नि, जल, वायु, पृथ्वी, आकाश)-को सत्ता विद्यमान थियो। यिनै जड जगत्लाई नै हिन्दुशास्त्रमा शक्ति भनिएको छ। यस अवस्थालाई आत्माको सुप्तावस्था पनि भनिन्छ। यस प्रकार कवि देवकोटाले मानवीय शरीरलाई अन्नमय कोश मान्दै खाद्यलाई मानव जीवनकै आत्माको अभिव्यक्ति, जिजीविषा, समाज, राज्य, राष्ट्र र राजनीतिसम्मै यसको अन्तर्सम्बन्ध रहेको चर्चा कवितामा उठाएका छन्।

उदाहरण – २ मा कवि देवकोटाले खाद्यलाई विश्व हृदयको स्पन्दन ध्वनि हो - दाल भात डुकू, दाल भात डुकू, दाल भात डुकू... भनेर मानव जीवन, मानव जातिसित सम्बन्धित हरेक ज्ञान, विज्ञान, दर्शन, समाज, राष्ट्र, राज्य, राजनीति सबैको ढुकढुकी खाद्यलाई मानेका छन्। यसका साथै दक्षिण एसियाली मुलुकमा बसोबास गर्ने मानिसहरूको खाद्य संस्कृतिलाई बुझाउँदै नेपाली समाजमा साधारण जनजीवनले खाने गरेका खाद्यलाई आहान एवम् उक्तिकै रूपमा प्रचलित रही आएका दाल भात डुकूले सामान्य मानिसका वर्ग विशेषका जिजीविषालाई पनि सङ्केत गरेका छन्। यसबाट निश्चित रूपमा नेपाली जनजीवनले दैनिक रूपमा खाने गरेका खाद्य संस्कृति बुझिन्छ। यद्यपि यस कवितामा कवि लक्ष्मीप्रसाद देवकोटाले सामान्य जिजीविषाको कुरो मात्रै इङ्गित गरेका छैनन्, यसका पछिल्तिर खाद्य संस्कृतिका रूपकले सङ्केत गरेको समाज, संस्कृति, राष्ट्र अनि मानव जातिकै जीवन र सङ्कट पनि चित्रण गरेका छन्।

क्लाउड लेभी स्त्रसले एउटा ठाउँमा लेखेका छन् – "कुनै पनि प्रकृति प्रदत्त (काँचो) खाद्य वस्तु जब पोलिन्छ वा पकाइन्छ त्यतिखेर (पाकेका) खाद्य वस्तुले सांस्कृतिक संरचना प्राप्त गरिसकेको हुन्छ (डानी क्याभेल्लारो, इ सं २०१६, पृ-२३)।" ती खाद्य वस्तुसँग कसले, कहिले, कहाँ, किन र कसरी खाने जस्ता कुरा जोडिएर आउँदा नै तिनले संस्कृतिको बहुअर्थी संरचनालाई जोड्दै लगेको देखिन्छ।

अर्थात् खाद्य मानिसलाई बाँच्नका लागि अपरिहार्य छ भन्ने सोझो कथन मात्रै कविले अभिव्यक्ति गरेका छैनन् कविताले सामाजिक, राजनैतिक, सांस्कृतिक व्याख्याको माग पनि गरेको देखिन्छ।

अर्को ठाउँ कवि देवकोटा खाद्य सङ्कटबारे लेख्छन् -

उदाहरण -३

यो बिना बल्ला बबन्डर, क्रान्ति होला, ध्वंस होला,
पृथ्वी रोला,
सभ्यताको के प्रथम जग? हामी बेकार के लुकूँ ?
दाल भात डुकू! दाल भात डुकू!

(लक्ष्मीप्रसाद देवकोटा, 'दाल भात डुकु')

आज आएर खाद्यलाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय जगत्ले व्यक्तिको मौलिक मानव अधिकारका रूपमा स्विकारेको छ। समाजमा खाद्य सम्बन्धी हकका लागि तीन तहका नीति अँगालिएको पाइन्छ, ती हुन् – खाद्य अधिकार, खाद्य सुरक्षा अनि खाद्य सम्प्रभुता। खाद्य अधिकार अनुसार प्रत्येक व्यक्तिले सम्मानपूर्वक स्वस्थ तथा सक्रिय जीवन जिउनाका लागि दिगो रूपमा पोषणयुक्त, सुरक्षित र संस्कृतिजन्य खान पाउने अधिकार छ।

कविले राष्ट्र र राष्ट्रिय नीतिले स्थानीय कृषि प्रणाली र कृषक अधिकारमा पार्ने नकरात्मक प्रभाव र राजनीतिप्रति विशेष ध्यान दिँदै लेखेका छन् -

उदाहरण -४

दर्शन जो बुझैन गहिरो प्याङ हो अभिमानको
अन्धताको शानको।
बुझने बुझून् यसकै निम्ति लड्छन्, मर्छन्, कार्य गर्छन्
यसको राष्ट्रीकरण केवल आजको हो तपस्या, जुग-समस्या
यो नजान्ने लीडर भेडा, चल्छ त्यसले राष्ट-बेडा?

(लक्ष्मीप्रसाद देवकोटा, 'दाल भात डुकु')

खाद्यलाई कहिले कहीँ राजनीतिक हतियारका रूपमा पनि प्रयोग गरिएको पाइन्छ। खाद्य सुरक्षाको अवधारणा इ सं १९७० का दशकको मध्यतिर विश्वव्यापी खाध्यान्न सङ्कटका कारण संयुक्त राष्ट्र सङ्घद्वारा खाद्यान्न समस्याहरूको सुरक्षा सम्बन्धमा छलफल गर्ने क्रममा विकसित भएको हो। यस अवधारणा अनुसार व्यक्तिलाई तब मात्र खाद्य सुरक्षित अवस्थामा रहेको मान्न सकिन्छ जब खाद्यान्न उपलब्ध हुन्छ, उपलब्ध खाद्यन्नमाथि आफ्नो अधिकार हुन्छ, मात्राका दृष्टिले पोषणयुक्त, गुणस्तरयुक्त र सांस्कृतिक रूपमा स्वीकारयोग्य हुन्छ। खाद्य सुरक्षाले समाजमा रहेका खाद्यका आवश्यकता तथा खाद्यमा चाहिने पोषणको सुनिश्चितालाई इङ्गित गर्दछ। खाद्य सम्प्रभुताको अवधारणाको विकास ला भिया क्याम्पेसिनाद्वारा इ सं १९९६ मा गरिएको थियो। खाद्य सम्प्रभुता नवउदारवादमा आधारित विश्व बजार नीतिको प्रतिक्रिया स्वरूप वैकल्पिक रूपमा अस्तित्वमा आएको अवधारण हो। खाद्य सम्प्रभुता एउटा राजनैतिक एवम् आर्थिक अवधारणा हो जसलाई खाद्य, खाद्य प्रणाली (उत्पादन, वितरण र उपभोग) तथा सोसँग सम्बन्धित नीतिका सम्बन्धमा राष्ट्र र किसान स्वयम्ले परिभाषित, निर्णय

र कार्यान्वयन गर्न पाउने अधिकारका रूपमा लिइन्छ। यसले खाद्यान्न उत्पादनकर्ता तथा किसानलाई खाद्य प्रणाली एवम् नीतिको केन्द्रमा राख्दछ। यसले खाद्य प्रणालीमा स्थानीयको लोकतान्त्रिक नियन्त्रण हुनु पर्ने कुरामा जोड दिँदछ। कृषि तथा खाद्य प्रणालीमा बहुराष्ट्रिय कम्पनीहरूको भन्दा पनि निर्वाहमुखी उत्पादनकर्ता र कृषक अधिकारको वकालत गर्छ। कवि देवकोटाले यस कविता मार्फत् संसारका कुनै पनि राज्य र राष्ट्रको नीति प्रणालीका आधार नै दाल, भात र ढुकु हुन् भन्ने कुरो तेरिज कसेर भनेका छन्।

## ३ निष्कर्ष

खाद्यले मानव जातिको सभ्यता, संस्कृति, इतिहास, धर्म, परिचय, राष्ट्रियता र जातीयतासित घनिष्ठ सम्बन्ध राख्छ। यसैले यसको अध्ययनका लागि अन्तर्विषयक ज्ञानानुशासनका विविध विषय जोडिएर आएको देखिन्छ। जसरी फ्रान्सेलीहरूको परिचय सेतो रोटीसित जोडिएको छ भने दक्षिण इटालेलीहरूका लागि टमाटरको सस उत्तिकै महत्त्वपूर्ण रहेको देखिन्छ। उसरी नै जेविस र मुसलमान समुदायका मानिसहरूले सुँगुरको मासु खाँदैनन् अनि गाई-गोरु खान्छन् उसरी हिन्दु धर्मावलम्बीले गाई-गोरुको पूजा गर्छन्, खाँदैनन्। बौद्ध धर्मावलम्बीहरू भने गाई-गोरु, सुँगुर पाल्छन् र त्यसका मासु पनि खान्छन्। खाद्य कहिले कहीँ राजनीतिक हतियार पनि भएको घटनाहरू पाइन्छन्। अमेरिकाले इराकमाथि गरेका आक्रमणको फ्रान्सले जति खेर विरोधमा उभिएका थिए त्यति खेर अमेरिकाले फ्रान्सेलीहरूले ब्रान्ड गरेका आलुबाट बनिने फ्रेन्च फ्राइज जस्ता खाना अस्वीकार गरी त्यसका विरोधमा नाम परिवर्तन गरी फ्रिडम फ्राइज नाम राखेका थिए। अर्थात् अर्का देशका खानालाई आफ्ना देशमा कुनै सर्तमा पनि प्रशंसा र प्रोत्साहन गरिनु हुँदैन भन्ने कुरो खाद्य राजनीतिले मान्दछ। अमेरिकीहरूले ब्रिटिसहरूलाई निम्बु सेवन गरेको देखेर हियायेर लिमेस् भन्छन्, उसरी फ्रान्सेलीहरूले भ्यागुताको खुट्टा खाएको देखेर फ्रग अनि जर्मनहरूले बन्दकोपी औधी रुचाएर खाएकाले क्राउट्स भनेका छन्। यस प्रकार संसारमा मानिसद्वारा निर्मित खाद्य वस्तु कुनै न कुनै रूपमा देश काल परिस्थिति अनुसार अर्थ वहन गरेर त्यो सभ्यता, संस्कृति, धर्म, राजनीति, राष्ट्रियता र जातीयतासित गाँसिएकै देखिन्छ।

यस लेखमा विशेषतः नेपाली कविताका सुरुका कवि सुवानन्ददास, कवि महानन्द सापकोटा अनि कवि लक्ष्मीप्रसाद देवकोटाका कवितालाई छनौट गरिएको थियो। यसमा सुवानन्ददासका पृथ्वीनारायण कवितामा खाद्य संस्कृतिका रूपकले विशेषतः ऐतिहासिक, सामाजिक, राजनैतिक, स्थानिक, भौगोलिक क्षेत्रलाई इङ्गित गरेको प्रसङ्गबारे चर्चा गरिएको छ। उसरी नै दोस्रो कविता महानन्द सापकोटाको तीजको बयानअन्तर्गत नेपाली नारीहरूले दर खाने संस्कृतिबाट लैङ्गिकता र लैङ्गिक विभेदकारी पितृसत्तात्मक संस्कृतिबारे चर्चा गरिएको छ। कसरी एउटा खाद्य वस्तुले नारीका शरीरसित अन्तर्क्रिया गर्दै संस्कृतिको रूपक निर्माण गर्दछ भन्ने कुरो तीजको दर खाने प्रथाबाट बुझ्न सकिन्छ भन्ने प्रासङ्गिकता यहाँ देखाइएको छ। उसरी तेस्रो कविता कवि लक्ष्मीप्रसाद देवकोटाको ‘दाल भात डूकू’लाई लिइएको छ। यसमा कवि देवकोटाले प्रयोग गरेका ‘दाल भात डुकु’ शीर्षकले नै नेपाली साधारण जनजीवनका खाद्य संस्कृति र त्यससित जोडिएका तिनका सामाजिक, राजनीतिक, सांस्कृतिक अन्तर्सम्बन्धहरू पढ्ने प्रशस्त अवकास दिएको कुरो संक्षिप्तमा चर्चा गरिएको छ।

## सन्दर्भ


बराल ईश्वर (सम्पा), वि सं २०४८, **हिमालचुली**, साझा प्रकाशन, काठमाडौँ

श्रेष्ठ दयाराम (सम्पा), वि सं २०३४, **वीरकालीन कविता**, साझा प्रकाशन, काठमाडौँ

Alexander L. Kaufman and Penny Vlagopoulos (Ed.), 2019, **Food and Feast in Modern Outlaw Tales**, New York, Routledge

Brillat-Savarin, 1994, **The Physiology of Taste**, England, Penguin Books

Dani Cavallaro, 2001, **Critical and Cultural Theory**, London, The Athlone Press

Grosz Elizabeth, 1994, **Volatile Bodies: Towards a Corporeal Feminism**, Indiana University Press

Kara K. Keeling (Ed.), 2008, **Critical Approaches to Food in Children's Literature**, New York, Routledge

La Via Campesina, 2003, 'Food Sovereignty' https://viacampesina.org/en/food-sovereignty/

Linda Civitelo, 2011, **Cuisine and Culture: A History of Food and People**, Canada, Wiley

Malhotra Simi, Kanika Sharma and Sakshi Dogra (Ed.), 2021, **Food Culture Studies in India**, Singapore, Springer Nature

**Nimisha Sinha**, 'Delicious Fictions: Reading Food in Literature', https://cafedissensus.com/2020/01/28/delicious-fictions-reading-food-in-literature/

Reay Tannahill, 1995, **Food in History**, New York: Crown Publishers